



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com






❖ वर्ष ३५ ❖ २०७८ असोज १५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 01 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४४

## ७० जना बालकैदी बेपत्ता, एकजनाको मृत्यु, एकजना पक्राउ

प्रस, वीरगंज, १४ असोज/

पर्सा जिल्ला अदालतलगायत प्रदेश २ का आठवटै जिल्ला अदालतले विभिन्न मुद्दामा पक्राउ परेका ७० जना बालकैदीको खोजी कार्य शुरू गरेको छ।



तस्वीरः प्रतीक

सर्वोच्च अदालतको निर्णय अनुसार कोरोनाकालमा बाल सुधारगृहमा सजाय भोगिरहेका ७० जना बालकैदीलाई २०७६ चैत २० गते अभिभावकको जिम्मा लगाइएको थियो। सोमध्ये एकजनाले आत्महत्या गरेको र एकजनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा वीरगंजको मुस्कान खातुन तेजाब प्रकरणका आरोपी समसाद हुन्।

यी दुई घटनाबाहेक अहिले ६८ जना बालकैदी सम्पर्क बाहिर छन् । अभिभावकहरूले आवश्यक परेको बेला उपस्थित गराउने शर्तमा बाल सुधारगृहबाट आआफ्ना बालकहरूलाई बुझेर लगेका थिए। तर अभिभावकहरूले बुझेर लगेका बालकहरूलाई बालसुधार गृहमा अहिलेसम्म फिर्ता नपठाएकाले उनीहरूको खोजी कार्य शुरू भएको हो ।

देशभरिका बाल सुधारगृहमा रहेका बालकबालिकाहरूलाई कोरोनाबाट बचाउन सर्वोच्चले २०७६ चैत महीनामा अभिभावकको जिम्मामा छाड्न निर्णय गरेको थियो । सोही निर्णय अनुसार पर्सा जिल्ला अदालतबाट बालकैदीहरूलाई अभिभावकहरूको जिम्मा लगाएको बाल सुधारगृह वीरगंजका प्रमुख टीकाकृष्ण काफ्लेले बताए ।

वीरगंजको बाल सुधारगृहमा त्यति बेला ७० जना बालक रहेको र उनीहरूलाई परिवारको जिम्मा लगाएको उनले बताए । तर जिम्मा लगाइएका बालकहरूलाई बाल सुधारगृहमा भने अहिलेसम्म कसैले फिर्ता नपठाएको उनले बताए । अदालतको आदेशमा जिम्मा लगाएको र अहिले अदालतबाटै उनीहरूको खोजी कार्य शुरू भएको प्रमुख काफ्ले जानकारी गराए।

प्रदेश २ का आठवटै जिल्ला अदालतको आदेशमा फैसला कार्यान्वयनका लागि विभिन्न अपराधमा सजाय पाएका बालकहरू वीरगंजको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको छ । अहिले १०३ जना नाबालक बाल सुधारगृहमा रहे पनि त्यहाँ ५० जना बालक अट्ने क्षमता मात्र रहेको उनले बताए ।

आठवटै जिल्ला अदालतले बालकैदीलाई अदालतमा बुझाउन पटक–पटक पत्राचार गरे पनि परिवारले बेवास्ता गरेपछि उनीहरूलाई फरार अभियुक्तको सूचीमा राखेर प्रहरी परिचालन गरी खोजी कार्य शुरू गरिएको हो ।

बाल सुधारगृह वीरगंजमा अहिले सबैभन्दा बढी जबरजस्ती करणीको आरोपमा बालकहरू रहेको बताइएको छ ।

देशभरिमा वीरगंज, हेटौंडा, विराटनगर, भक्तपुर, डोटी, भैरहवा, पोखरा र नेपालगंज गरी आठवटा बाल सुधारगृह छन्। यीमध्ये भक्तपुरमा रहेको बाल सुधारगृहमा मात्र बालिकाहरू राख्ने व्यवस्था छ ।

## पशु बजार सञ्चालनपछि सीमापारि चौपाया चोरीको घटनामा वृद्धि

प्रस, वीरगंज, १४ असोज/

जगरनाथपुर गाउँपालिका अन्तर्गत जगरनाथपुरमा पशु बजार सञ्चालनमा आएपछि सीमापारि भारतीय गाउँमा भैंसी, राँगा चोरीका घटनामा वृद्धि भएको छ। पशु बजार सञ्चालनमा आएपछि सीमावर्ती भारतीय गाउँका किसानहरू आतङ्कित बनेका छन्।


तस्वीरः प्रतीक

गाउँपालिकाले गत आवदेखि सञ्चालनमा ल्याएको पशु बजार अहिले ठेकेदारले सञ्चालन गरिरहेको छ। पशु बजारमा बिक्री हुने अधिकांश भैंसी तथा राँगा सीमावर्ती भारतीय गाउँबाट ल्याइन्छ। सोही भैंसी, राँगाको हुलमा चोरीका भैंसी, राँगा पनि बिक्री हुने गरेको स्थानीयको आरोप छ ।

रातभरि भारतबाट नेपालका विभिन्न नाकाबाट नेपाल भित्र्याइएका भैंसी, राँगालाई राति नै ट्रकमा लोड गरी नेपालका विभिन्न ठाउँमा पठाउने गरिन्छ। भारतीय नागरिकका अनुसार सीमासँग जोडिएर पशु बजार सञ्चालनमा आएपछि मैनाटार, इनर्वा, सहोदरा थाना क्षेत्रहरूमा भैंसी, राँगा चोरी हुने क्रम बढेको छ । रातारात चोरहरूले किसान र भैंसीपालन हुने फारामबाट चोरी गरी सीमा कटाएर पशु बजारमा पुऱ्याउने गरेको स्रोतले जनाएको छ।

बजार लाग्ने दिन सो क्षेत्रबाट हप्तामा २/४ वटा राँगा, भैंसी चोरी हुने गरेको छ। स्रोतका अनुसार बजार लाग्ने दिनको अघिल्लो राति भारतबाट अवैधरूपमा भित्र्याइएका सयौं भैंसी, राँगालाई नेपाली किसानको पशु भएको नक्कली कागजात बनाइन्छ।

सो कागजातको आधारमा बजारबाट बिक्री भएको पत्र तथा पशु क्वारेटाइनको पत्रको आधारमा नेपालका विभिन्न ठाउँमा पठाउने गरिन्छ । केही जनप्रतिनिधिले भारतबाट आएका राँगा, भैंसीलाई वडा कार्यालयबाट सिफारिश दिने र सोबापत रकम असुल्ने गरेको आरोप छ।

## रौतहटमा आवास निर्माण कार्यमा शिथिलता

प्रस, रौतहट, १४ असोज/

रौतहटमा विभिन्न नगरपालिका तथा गाउँपालिकाहरूमा आवास निर्माण कार्यमा शिथिलता आएको छ ।

मौलापुर नगरपालिका र कटहरिया नगरपालिकाबाहेक अन्य १४ वटा नगरपालिका तथा दुईवटा गापामा आवास निर्माण कार्य शिथिल भएको दलित आवास निर्माण सङ्घर्ष समिति रौतहटले जनाएको छ । चार वर्षदेखि प्रदेश सरकारबाट आएको रकम फ्रिज भई दलितको घर बन्न नसकेको समितिले जनाएको छ। आवास निर्माणको लागि सदरमुकाम गौरमा सयौंका सङ्ख्यामा उनीहरू उपस्थित भएर विरोध जनाएका थिए । दलित आवास निर्माण सङ्घर्ष समिति रौतहटले प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई ज्ञापनपत्र बुझाएको थियो ।

ज्ञापनपत्रमा गरीब दलितलाई आवासको व्यवस्था हुनुपर्ने, जनसङ्ख्याको अनुपातमा आरक्षणको व्यवस्था, आवास निर्माणको रकम फ्रिज गराउनेलाई कारबाई गर्नुपर्ने, आवास निर्माणमा भएको अनियमितताको छानबीन गरिनुपर्ने, कमिशन भुक्तानी गर्नेलाई


तस्वीरः फाइल

कारबाई गर्नुपर्ने, निर्माणाधीन घरहरू छिटो सम्पन्न गर्नुपर्ने, दलित युवाहरूलाई सीप तथा रोजगारको व्यवस्था गर्नुपर्ने उल्लेख छ। दलितहरूले प्रदर्शनको क्रममा जनता आवास कार्यालय केहीबेर घेराउ गरी आक्रोश पोखेका थिए ।

## हतियारसहित तीनजना नाबालक पक्राउ

प्रस, रक्सौल, १४ असोज/

रक्सौलसँग जोडिएको पलनवा थानामा तीनजना नाबालक हतियारसहित पक्राउ परेका छन् ।

परसौना तपसीको अकबर चोकबाट शाहीद अफ्रिदीसमेत तीनजना नाबालकलाई स्थानीयले हतियारसहित फेला पारेपछि प्रहरीको जिम्मा लगाएका हुन्। पलनवा थानाध्यक्ष प्रभाकर पाठकले स्थानीयवासीले ३१५ बोरको कट्टुवा बन्दुक, दुई थान चक्कूसहित नाबालकहरू फेला



परेको भनी प्रहरीमा जिम्मा लगाएको बताए । स्थानीयले शङ्का लागेर नाबालकहरूसँग सोधपूछ गरेको र उनीहरू तीनजनाले तीनथरीका कुरा गरेपछि शङ्का लागेर खानतलाशी गर्दा कट्टुवा, चक्कू बरामद भएको बताइएको छ। थानाध्यक्ष पाठकले नाबालकहरूसँग यसबारे सोधपूछ भइरहेको बताए ।

## कलैयामा मुख्यमन्त्रीविरुद्ध प्रदर्शन

प्रस, कलैया, १४ असोज/

कलैयाको भरतचोकमा बिहीवार टोलीले साइकल खरीदमा भएको भ्रष्टाचारको विषयलाई लिएर छापा समेत भ्रष्टाचार गरेको भन्दै मुख्यमन्त्रीको राजीनामा माग गरे । उनीहरूले



लोकतान्त्रिक समाजवादी पार्टीको भ्रातृ सङ्गठन लोकतान्त्रिक समाजवादी विद्यार्थी सङ्घ बाराले मुख्यमन्त्रीविरुद्ध प्रदर्शन गरेको छ ।

हिजो मुख्यमन्त्रीको कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मारेको घटनाको समर्थनमा लोसवि सङ्घले प्रदर्शन गरेको हो ।

विरोध कार्यक्रममा सङ्घका नेताहरू सन्तोष यादव, जयप्रकाश साह, साबिर आलम, सन्त यादवलगायतले छात्राहरूलाई वितरण गर्ने साइकलमा साइकल खरीदमा भ्रष्टाचार देखिएको मात्र हो मुख्यमन्त्रीले पोखरी सौन्दर्यीकरणलगायतका कार्यक्रमहरूमा ठूलो भ्रष्टाचार गरेको आरोप लगाउँदै नैतिकताको आधारमा राजीनामा दिन माग गरे ।

## बन्द रहेको दि जुद्ध म्याच फ्याक्ट्रीको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, १४ असोज/

वीरगंज–४ बिर्तामा वर्षौंदेखि बन्द रहेको दि जुद्ध म्याच फ्याक्ट्री लिमिटेडको वार्षिक साधारणसभा बिहीवार वीरगंजमा सम्पन्न भएको छ ।



तस्वीरः सौजन्य

साधारणसभाले आव २०४३/४४ देखि २०७६/७७ सम्मको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गरेको छ । यस्तै, वार्षिक हिसाब तथा लेखापरीक्षण प्रतिवेदन र आव २०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने विषय पनि साधारणसभाले पारित गरेको छ ।

साधारणसभाको उद्घाटन सत्रमा वडाध्यक्ष बैजुलाल स्वर्णकारले लामो समयदेखि कम्पनी बन्द हुँदा त्यसको

(बाँकी पाँचौं पातामा)

कोरोनाकालको चाडवाडः
सकेसम्म नगरौं भेटघाट,
भाइरसबाट जोगिएर
मनाऔंला अर्को साल ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार र सूक्तिहरू

**आत्मविश्वास जीवनको सबैभन्दा सुन्दर बिहानी हो, जसले तपाईंको सम्पूर्ण दिनलाई राम्रो पार्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# बेतुकको निर्णय

**असोज ५ गते मन्त्रिपरिषद्को बैठकले भारतसँगको बन्द नाका खुल्ला गर्ने निर्णय गऱ्यो । कोरोना सङ्क्रमणको पहिलो लहरमा नेपाल सरकारले २०७६ चैतको पहिलो सातादेखि भारतसँगको खुला सीमा नाका बन्द गर्ने निर्णय गरेको थियो । नेपाल सरकारको निर्णयको केही दिनपछि भारतले पनि आफ्नो नाका बन्द गरेको थियो । नाका बन्द गरिए पनि मालवाहक सामान आवतजावतका लागि भने बन्देज फुकुवा थियो । कोरोनाको पहिलो लहरमा नाका बन्द भएपछि खुल्ला सीमा भएको र दुवैतर्फका नागरिकहरू यता र उता रहेकाले उनीहरूलाई आफ्नो देश जानका लागि १० दिन क्वारेन्टाइनमा बसेर पिसिआर, एन्टिजेन परीक्षण गरिसकेपछि घर फिर्ता जान पाउने व्यवस्था गरिएको थियो । त्यतिखेर केही महीना दुवैतर्फका सीमानाका वास्तवमा बन्द नै थियो । स्वास्थ्य सुरक्षाका मापदण्ड प्रयोग गरेर मात्र आवतजावत हुन्थ्यो । आममानिस त के सांसदहरू पनि आवतजावत गर्दा क्वारेन्टाइनमा बस्नै पर्ने बाध्यकारी नियम थियो । एकपटक पर्साका एकजना सांसद रक्सौल पुगेर आएको सूचना सार्वजनिक भएसँगै उनलाई होम क्वारेन्टाइनमा बस्नुपरेको थियो । देशभर लकडाउन लागेको थियो र यो अवधिमा बाहिरबाट आउनेहरूको निगरानी शहरमा भन्दा पनि गाउँतिर बढी हुने गरेको थियो । कोही पनि बाहिरबाट आउनेहरूका बारेमा प्रहरी, प्रशासनमा सूचना दिने प्रचलन बढेको थियो र सबै पालिकाले क्वारेन्टाइनको व्यवस्था गरेका थिए ।**

**समय बित्दै गयो, लकडाउन अवधि बढ्यो मानिसहरू घरमैं थुनिए । हुनेले खाए नहुनेले पेट काटेर बसे । कतिपयको रोजगार गुम्यो, आर्थिक व्यवस्था कमजोर हुँदै गयो । आज लकडाउन खुल्छ, भोलि खुल्छ भन्दाभन्दै लकडाउन छ महीनाभन्दा बढी लाग्यो । लकडाउन खुलेपछि बिस्तारै जनजीवन सामान्य बन्दै गयो । यो अवधिभर सीमानाकाहरू बन्द थिए । तर मानिसहरू खुल्ला सीमाका कारण लुकीछिपी आवतजावत गर्न शुरू गरे । बिस्तारै यस्तो अवस्था भयो कि मुख्य नाकाबाहेक सबैतिरबाट आवतजावत शुरू भयो । कोरोनाको पहिलो लहरको नौ महीनापछि सामान्य बनेको जनजीवन फेरि कोरोनाको दोस्रो लहर आएसँगै देशभर लकडाउन लाग्न शुरू भयो । लकडाउन पनि दुई महीनासम्म लम्बिएपछि पहिलो कोरोनाबाट थलिएका मानिसहरू घरमा भोकै मर्नुभन्दा बाहिर निस्केर काम गर्न शुरू गर्न थाले । लुकीछिपी सबै निस्कन थालेपछि लकडाउन पनि हरायो । यसबीच एक वर्षअघि भारतले आफ्नोतर्फको नाका खुला गरिदियो । तर नेपालले भने बल्ल असोज ५ गते खोलेको घोषणा गऱ्यो । नाका खुला भएपछि होटल, पर्यटन व्यवसायमा राहत पुग्ने भयो भनी ती व्यवसाय गरेकाहरू खुशियाली मनाउन नपाउँदै मन्त्रिपरिषद्को निर्णय छलकपटपूर्ण भएको रहस्योद्घाटन भयो र फेरि सो क्षेत्रका व्यवसायीहरूमा निराशा छायो ।**

**सरकारले नाका खुल्यो त भन्यो तर कसरी खोलिएको छ भन्दा सबैजना दुःखित हुन पुगे । नाकाबाट भारतीय निजी सवारीसाधनले प्रवेश नपाउने, ७२ घण्टाअघिको एन्टिजेन, पिसिआर नेगेटिभ रिपोर्ट, अनलाइन फाराम भर्नुपर्ने अनि प्रवेश बिन्दुको जुन होटलमा बसेको हो, त्यहाँ पनि एन्टिजेन परीक्षण गर्नुपर्ने । अब अहिलेसम्मको नेपाल–भारत खुला सीमामा यत्रो प्रक्रिया पूरा गरेर कोही प्रवेश गर्लान् त ? अनि खुला सीमा भएकोले पैदल प्रवेशीहरू आजसम्म आवतजावत गर्दै आएकै छन् । उनीहरूको लागि मन्त्रिपरिषद्को बैठक बसेर निर्णय गर्नुपर्ने कारण पनि थिएन ।**

(सन्दर्भ : गाँधी जयन्ती)

# एक्काइसौं शताब्दीमा गाँधी विचारको सान्दर्भिकता


स्वतन्त्र विचार
श्रीमन्नारायण
an_shriman@yahoo.com


**कुनै पनि राम्रो तथा कल्याणकारी सभ्यताको आधार धर्म, नीति तथा मूल्य नै हुन्छ । मेशिन, प्रविधि तथा यन्त्रको उपयोग साधनको रूपमा मात्रै हुनुपर्दछ । यसलाई साध्य बन्न दिनुहुँदैन । तर आधुनिक सभ्यताको आधार मूल्य, नीति एवं धर्मको ठाउँ आधुनिक प्रविधिले लिन थालेको छ ।**

कुनै पनि युग स्थायी हुँदैन । समय सधैं चलायमान हुन्छ । जसरी हामी अगाडि बढ्दै जान्छौं, समय पनि अगाडि बढ्दै जान्छ । सूचना तथा ज्ञानको आयाम पनि बदलिन्छ । यसै आयामको परिणाम हो, इन्टरनेट प्रविधि र वर्तमान युगको सामाजिक सञ्जाल । यो पनि सम्भव हुन सक्छ कि वर्तमान युगको सामाजिक सञ्जाल भोलिका दिनमा रहने छैन र यसको ठाउँ कुनै नयाँ प्रविधिले लिनेछ । समय अनुसार पाइला चाल्नु नै आधुनिकता हो । यदि हामीले अहिलेको युगमा आफूमा परिवर्तन ल्याउन सकेनौं भने पिछडिएको मानिने छौं । तर यो कुरा प्रविधिको क्षेत्रमा मात्रै लागू हुन्छ, विचारमा होइन । असल र प्रासङ्गिक विचार हाम्रो निम्ति सधैं उपयोगी र सान्दर्भिक रहिरहन्छ । महात्मा गाँधीको विचार आज पनि त्यति नै सान्दर्भिक छ जति एक शताब्दी पहिले थियो, जतिबेला यसको प्रतिपादन उनले गरेका थिए । गाँधीको विचारको एउटा खास विशेषता भनेको उनको सन्देशले एउटा विशेष सार्वभौमिकता बोकेको हुन्छ, तसर्थ उनको विचार कुनै एक देशको निम्ति मात्र नभई पूरै विश्वको लागि प्रेरणादायक मानिन्छ । हरपल, हर देश र हर अवस्थाको निम्ति उनको विचार आज पनि प्रासङ्गिक छ ।

सत्य एवं अहिंसाको विचार प्रतिपादन गरेका महात्मा गाँधी मानवीय मूल्य एवं मान्यतालाई बलियो बनाउने मामिलामा पनि महान् व्यक्तित्व थिए । गाँधीको विचारलाई प्रचारप्रसार गर्ने उद्देश्यले विश्वभरि खुलेका गाँधीवादी सङ्घसंस्थाहरूले पनि सत्य एवं अहिंसा नै सिकाउने गरेका छन् । विश्वको जुनसुकै भाग तथा देशमा पनि यदि हिंसात्मक गतिविधि बढिरहेको छ भने त्यसमाथि रोक लगाउने एउटा मात्र अस्त्र भनेको गाँधीको सत्य एवं अहिंसाको विचार नै हो । हाम्रो नैतिक एवं धार्मिक जीवनमा पनि गाँधीको विचारको निकै ठूलो महत्त्व छ । यदि हामीले नैतिक र धार्मिकरूपमा पनि सत्य एवं अहिंसा पालन गर्न थाल्दछौं भने यसको असर हाम्रो जीवनको क्षेत्रमा पनि पर्छ, चाहे त्यो राजनीति अथवा शासन व्यवस्था नै किन नहोस् ।

लोकतान्त्रिक व्यवस्थामा स्वराजको सपना साकार गर्नु सहज काम होइन । स्वराजमा 'स्व' को राज मात्रै स्थापित भएको छ । यथार्थमा अहिले 'स्व' को निर्माण मात्रै भइरहेको छ । पैसा, जाति, पद, वर्ग र पूँजी आदिको रूपमा मात्रै 'स्व' को अर्थ बुझ्नेहरूको तीव्र गतिमा प्रचार भइरहेको छ तर गाँधीको शब्दमा 'स्व' लाई एउटा राष्ट्रको रूपमा स्वीकार गरिएको छैन । गाँधीलाई संसद् तथा राज्यसत्तासित कुनै दुराग्रह थिएन तर उनी विकेन्द्रीकरण नीति अनुसार गाउँलाई बढीभन्दा बढी अधिकार दिन चाहन्थे । उनी राष्ट्रपति, मन्त्री, कमान्डर तथा संसद्लाई अपेक्षाकृत कम शक्ति दिन चाहन्थे तर त्यस्तो हुन सकेन । राजनेताहरूले लामो समयसम्म सत्तामा बसिरहन जनतालाई भोट लिने बेलामा मात्र स्मरण गर्नयोग्य वस्तु ठान्ने काम गरेका छन् । यस्तो अवस्थामा यो पनि मान्न सकिन्छ कि स्वराज केही क्षणको निम्ति मात्रै आयो ।

राजनीतिज्ञहरूले लोकतन्त्ररूपी स्वराजको उपयोग आफ्नो हित पूरा गर्न गरिरहेका छन् । फलस्वरूप जनताको मोहभङ्ग भइरहेको छ र यसको असर व्यवस्थामाथि पनि परिरहेको छ । आज फेरि पनि गाँधीको 'स्वराज'को आवश्यकता महसूस गरिंदैछ । एउटा नेताको स्तरमा 'स्व' को स्तरमा नेता, समाज, देश र न्यायको स्तरमा पनि स्वराजको नियमको पालना गर्नुपर्दछ ।

गाँधीको स्वराजलाई अन्य व्यवस्थाको तुलनामा अपेक्षाकृत बढी नै जनसमर्थक मानिन्छ । आम जनताले पनि स्वच्छता, सादगी, अहिंसा तथा अपेक्षाकृत असल नागरिक बन्नका निम्ति स्वराजको नियम पालन गर्नु आवश्यक छ । गाँधीको स्वराजमा गरीबी तथा निर्धनताबाट मुक्ति, पर्यावरण संरक्षण, नारी सशक्तीकरण तथा कृषि समस्याको समाधानका निम्ति अनेकौं उपाय बताइएको छ । यसका अतिरिक्त भावी पुस्ताको निम्ति शिक्षा व्यवस्था कस्तो हुनुपर्दछ र यसको निम्ति ढाँचा समेत कोरिएको छ । यसरी स्वराजमा लोकतान्त्रिक शासन अन्तर्गत आउन सक्ने सबैखाले चुनौतीको समाधानको बाटो पनि देखाइएको छ ।

वर्तमान अवस्थामा गाँधीको स्वराजलाई धरातलमा उतार्न गाऱ्हो छ तर केही कुरामा गम्भीरतापूर्वक ध्यान दिने हो भने उनको स्वराजको नजीक अवश्य पुग्न सकिन्छ । यसको निम्ति लोकतन्त्रको नाममा गठित विभिन्न संस्थाहरूको भूमिकाको जाँच गर्न सकिन्छ तथा जाँचको परिणामलाई कार्यान्वयनमा ल्याएर जनताको विश्वास जित्न सकिन्छ । लोककल्याणकारी समाजको स्थापना गरेर पनि केही हदसम्म स्वराज स्थापनाको दिशामा पाइला चालेको मान्न सकिन्छ ।

लोकतान्त्रिक शासन प्रणालीमा शासक तथा व्यवस्थाप्रति असन्तोष बढ्नुको मूल कारण जनताको निम्ति बनाइएका कानून र संस्थाले जब जनताको हितविपरीत तथा निष्पक्ष भावले काम गर्दैन अनि मात्र जनतामा असन्तोष उत्पन्न हुन्छ । तसर्थ सरकारको काममा समानता एवं निष्पक्षता हुन आवश्यकता छ । महात्मा गाँधीले जुन स्वराजको सपना देखेका थिए, त्यो आजसम्म पूरा हुन सकेको छैन । स्वराज प्राप्तिको निम्ति गरीबीबाट मुक्ति, महिला सशक्तीकरण, पर्यावरण संरक्षण, ग्रामीण क्षेत्र र कृषि क्षेत्रको विकासलाई अपरिहार्य मानिन्छ । गाँधीको विचारमा स्वराज भनेको व्यक्तिको आफ्नो मनको शासन हो । त्यसमा सत्याग्रह तथा आत्मबल निर्णायक साबित हुन्छ तर यसको उपयोग त्यति बेला मात्रै गर्न सकिन्छ, जतिबेला हामी पूर्णरूपेण स्वदेशी वस्तुको उपयोग गरिरहेका हुन्छौं । यस्तो प्रयोग हामी अन्य कसैलाई सजाय दिन अथवा विरोध गर्नका निम्ति नभई यसलाई आफ्नो कर्तव्य ठानेर यस्ता काम गर्नेछौं, गाँधीको विचारमा छात्रहरूलाई जीवनगत मूल्य एवं मान्यतामा आधारित शिक्षा दिइएन भने त्यो महत्त्वहीन साबित हुन्छ । गाँधीले हिन्द स्वराजमा आधुनिक सभ्यताको तिखो आलोचना गर्दै यस कुरामा बल दिएका छन् कि स्वराजको स्थापना हाम्रो सभ्यताको मूल्यमाथि आधारित हुनुपर्दछ । उनी पश्चिमेली सभ्यतालाई सरुवा रोग जस्तो ठान्दथे । किनभने यो भौतिक सुखमा आधारित हुन्छ तसर्थ उनी यसको अन्धो अनुकरणका विरोधी थिए तर पश्चिमा राम्रो कुरालाई पनि आफ्नो अनुकूल हुनेगरी आत्मसात गर्न सकिन्छ भनेका थिए ।

पूरै विश्वमा सभ्यताको भविष्यलाई लिएर जुन बहस चलिरहेको छ, त्यसमा पनि गाँधीको विचार नै सबैभन्दा बढी प्रासङ्गिक देखिएको छ । कुनै पनि राम्रो तथा कल्याणकारी सभ्यताको आधार धर्म, नीति तथा मूल्य नै हुने गर्दछ । मेशिन, प्रविधि तथा यन्त्रको उपयोग साधनको रूपमा मात्रै हुनुपर्दछ । यसलाई नै साध्य बन्न दिनुहुँदैन । तर आधुनिक सभ्यताको आधार मूल्य, नीति एवं धर्मको ठाउँ आधुनिक प्रविधिले लिन थालेको छ । मनुष्यको जीवन, आकाङ्क्षा, सुख–दुःख, सफलता–असफलता, लाभ–हानि, प्रगति–पतनजस्ता मूल विषयलाई जब मूल्य एवं मान्यताको ठाउँमा प्रविधिले परिभाषित गर्न थाल्दछ अनि सभ्यतामाथि नै सङ्कट आउन थाल्छ । हाम्रो निहित स्वार्थ एवं सङ्कीर्ण प्रतिगामी विचारलाई गाँधीले पहिलो चुनौती ठान्दथे । सर्वत्र मूल्य एवं मान्यताको क्षरण भइरहेको अवस्थामा व्यक्तिले आफ्नो अन्तर्मनको कुरा सुनेर निर्णय लिनु पनि गाँधीकै ताकतको प्रतीक हो । यदि ताकत कुनै मूल्य हो तथा नैतिक विवेक प्रासङ्गिक हो भने गाँधीको विचार हाम्रो निम्ति प्रासङ्गिक नै छ । एक्काइसौं शताब्दीमा पनि गाँधीवादको सान्दर्भिकता र महत्त्व अस्वीकार गर्न सकिंदैन ।

# संसद् बैठक निर्वाध र मर्यादितरूपमा अगाडि बढाउन प्रमुख प्रतिपक्षीलाई आग्रह

काठमाडौं, १४ असोज/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय संसद्को गतिरोध अन्त्यका लागि बसेको बैठकमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)बाहेक सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका शीर्ष नेता तिमिल्सिनाले गरेको आग्रहका आधारमा प्रधानमन्त्रीले आजको बैठक आह्वान गरेका हुन् ।

तस्वीरः रासस



बोलाएको सर्वदलीय बैठकले संसद् बैठक निर्वाध र मर्यादितरूपमा अगाडि बढाउन प्रमुख प्रतिपक्षी नेकपा (एमाले) र सो दलका नेता केपीशर्मा ओलीलाई महत्त्वपूर्ण भूमिका खेल्न आग्रह गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा सहभागी थिए ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सभामुखको केही कार्यप्रति असन्तुष्टि जनाउँदै चालू अधिवेशनको शुरूदेखि नै संसद् बैठक अवरुद्ध गर्दै आएपछि गतिरोध अन्त्यका लागि प्रधानमन्त्रीलाई अगुवाइ गर्न राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद

बैठकमा प्रमुख प्रतिपक्षी दल एमाले नै अनुपस्थित हुनुले सो दल संवाद र वार्ताबाट पन्छिन खोजेको हो कि भन्ने आशङ्का जन्माएको बैठकपछि नेपाल सरकारका प्रवक्ता एवं कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सञ्चारकर्मीलाई बताए ।

बैठकमा प्रधानमन्त्री देउवाले एमाले अध्यक्ष ओलीलाई वार्ता, संवाद र सहमतिका लागि पहल गर्न आग्रह गरेको मन्त्री कार्कीले जानकारी दिए ।

प्रतिनिधिसभामा ३० र राष्ट्रिसभामा २७ वटा विधेयक विचाराधीन रहेको अवस्थामा संसद् अवरुद्ध गर्नु उपयुक्त नरहेको बताउँदै प्रवक्ता कार्कीले जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस्ता विषयलाई निकास दिन संसद् बैठक अवरुद्ध नगर्न आग्रह गरे ।

बैठकमा काङ्ग्रेसका तर्फबाट प्रधानमन्त्री एवं पार्टी सभापति देउवा, मन्त्री ज्ञानेन्द्रबहादुर कार्की, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेता नारायणकाजी श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी)का महासचिव बेदुराम भुसाल र नेता राजेन्द्र पाण्डे, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महन्थ ठाकुर र राजेन्द्र महतो, जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठ र नेता महेन्द्रराय यादव, नेपाल मजदूर किसान पार्टीका नेता प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेललगायत नेताहरू सहभागी रहेको प्रधानमन्त्रीका संसदीय दलका निजी सचिव केशवराज जोशीले जानकारी दिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## वैदेशिक रोजगार: बाध्यता कि आडम्बर ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**छिटो धनी हुने लालसा झनै हाम्रो लागि ठूलो शत्रु हुन पुगेको छ। हामी आफैँसँग प्रश्न गरौं। यदि ६० लाख रुपियाँ बुझाएर हामी वैदेशिक रोजगारमा जाने क्षमता र ाख्छौ भने त्यही रकमको स्वदेशमा उपयोग गरेर किन कुनै व्यापार, व्यवसाय वा पेशा गर्न सक्तैनौ ?**

नेपाली युवाहरू रोजगारका लागि विदेश किन जान्छन् भनी प्रश्न गर्ने हो भने सबैले दिने उत्तर एउटै हुन्छ, स्वदेशमा रोजगार नपाएर बाध्य भई विदेश जानुपरेको हो। अर्थात् स्वदेशमा रोजगार नभएको स्थितिले जीवन निर्वाह गर्न कठिन हुने भएकोले, रोजगारको लागि बाध्यताले गर्दा विदेश जानुपरेको हो। सोझो अर्थमा भन्नुपर्दा गरीबीबाट मुक्ति पाउन वैदेशिक रोजगारमा जानुपरेको हो।

नेपालको सन्दर्भमा वैदेशिक रोजगारलाई गरीबीसँग जोडेर हेरिन्छ। रोजगारका लागि विदेश प्रस्थान गर्ने सबै गरीब नै हुन्छन्, यस्तो विश्वास गरिन्छ। त्यस्तो हो भने रोजगार पाउन विदेशतिर जाने के सबै गरीब नै हुन्छन् ? समाचारहरूमा उल्लेख भए अनुसार गैरकानूनी रूपमा रोजगारका लागि अमेरिका जान खोज्ने व्यक्तिहरूले मानव तस्करलाई ३० देखि ६० लाखसम्म भुक्तान गर्छन् र अमेरिका पस्छन्। अमेरिकामा रोजगार पाउन मानव तस्करहरूलाई त्यति धेरै रकम दिने व्यक्ति कसरी गरीब हुन सक्छ ? एउटा सामान्य गरीबले त्यति ठूलो रकक कहाँबाट र कसरी ल्याउन सक्छ ?

सुनिए अनुसार केही व्यक्ति ऋण लिएर, केही खेत वा घडेरी अथवा घर बेचेर मानव तस्वकर त्यति ठूलो रकम (३० देखि ६० लाख रुपियाँ) भुक्तान गर्छन् अनि गैरकानूनीरूपमा अनेक शारीरिक एवं मानसिक यातना खेपेर अमेरिका पस्छन्। अब यहाँ पुनः प्रश्न उठ्छ, के कुनै गरीब व्यक्तिले, नेपालको सन्दर्भमा त्यति ठूलो रकम ऋण प्राप्त गर्न सक्छ ? दोस्रो प्रश्न, वैदेशिक रोजगारमा जानका लागि जग्गा, घडेरी वा घर बेच्न तत्पर हुने व्यक्ति कसरी गरीब हुन सक्छ ?

माथि भन्न के खोजिएको हो भने रोजगारका लगि विदेश जाने वा जान खोज्ने सबै गरीब होइनन्। केही मात्र गरीबीले गर्दा रोगजार पाउन विदेश जान बाध्य छन्। बाँकी व्यक्ति धनी नभए पनि गरीब भने होइनन्। केवल खाडी देशहरूमा जाने, तीमध्ये पनि सीमित व्यक्ति मात्र गरीब हुन्। ज्यादै गरीब मानिस वैदेशिक रोजगारमा जाने खर्च नै धान्न सक्तैन।

नेपालमा बहुसङ्ख्यक व्यक्ति, प्रमुखरूपमा, दुई कारणले विदेश जान्छन्। १) छिटै धनी हुने लालसा, र २) प्रतिष्ठा

### छिटै धनी हुने लालसा

नेपाली समाजको निर्माण, इतिहास, प्रकृति र गतिशीलताको सूक्ष्म अध्ययन एवं विश्लेषण गर्ने हो भने नेपालमा गरीबहरूलाई सामाजिक मर्यादा पाउन कठिन छ भन्ने तथ्य प्रस्टगरी थाहा हुन आउँछ। गरीबले पाउने सामाजिक मर्यादा र धनीले पाउने सामाजिक मर्यादाबीच आकाश जमीनको अन्तर छ भन्ने यथार्थ हामी सबैले भोगेको कुरा हो। धनीको नाम लिंदा वा सम्बोधन गर्दा आदर मिसाइएको हुन्छ भने गरीबको लागि त्यस्तो गरिंदैन। धनीहरूले विवाह, चाडपर्व, समारोहहरूमा ठूलो रकम खर्च गर्छन्। समाजमा उनीहरूको रवाफ कायम हुन्छ। गरीबहरूले त्यस्तो गर्न सकेका हुँदैनन्। यसले गर्दा गरीबहरू आफूलाई हेला गरिएको अनुभूति गर्छन्।

गरीब र धनीबीच सामाजिक मर्यादाको सन्दर्भमा ठूलो भेद रहेकोले यो स्थितिबाट मुक्ति पाउन हरेक गरीबले धनी हुन खोज्नु, धनी हुनका लागि अनेक उपाय खोज्नु, धनी हुन सक्ने सजिलो बाटो वैदेशिक रोजगारलाई मान्नु स्वाभाविक हुन आउँछ।

नेपालमा तुलनात्मक गरीबले पनि समाजलाई प्रभावित गरेको छ। उदाहरणका लागि वर्षको दुई लाख रुपियाँ कमाउने एकजनाले आफूलाई वर्षको ४ लाख रुपियाँ कमाउने अर्को व्यक्तिसँग तुलना गर्छ र अनि आफूलाई त्यो अर्को व्यक्तिभन्दा गरीब देख्छ। यस्तै स्थिति वर्षको ५ लाख र ८ लाख कमाउने व्यक्तिबीच पनि हुन सक्छ। यसरी आर्थिक रूपमा सम्पन्न व्यक्तिहरूले पनि आफूलाई तुलनात्मकरूपमा गरीब देखेर रोजगारका लागि विदेशतिर लाग्ने उदाहरण धेरै छ। त्यस्ताको सङ्ख्या पनि ठूलो छ। खासगरी अमेरिका, युरोप, अस्ट्रेलिया, क्यानाडामा रोजगार खोज्न जानेहरूले आफूलाई तुलनात्मकरूपमा गरीब बोध गरेर त्यता गएका हुन्। यथार्थमा तिनीहरू निरपेक्ष गरीब होइनन्। एक किसिमले धनी नै हुन्, नेपालको सन्दर्भमा।

### प्रतिष्ठा

वैदेशिक रोजगार नेपालमा अहिले एउटा भरपर्दो आय स्रोत मात्र होइन इज्जत र प्रतिष्ठाको विषय पनि हुन पुगेको छ। वैदैशिक रोजगारको सोझो साइनो प्रतिष्ठासँग गाँसिएको छ। वैदेशिक रोजगारमा जाने व्यक्तिले लाखौं, करोडौं रुपियाँ कमाउाछ र 'इज्जत एवं शान' को जीवन बाँच्न सक्छ भन्ने भ्रमजन्य मान्यता हाम्रो समाजमा बलियोगरी स्थापित छ। एउटा पृथक मान्यता के छ भने स्वदेशमा बस्नेहरू केही गर्न नसक्ने हुँदा स्वदेशको बसाइ रोजेका हुन्। त्यसरी स्वदेशमा बस्ने व्यक्तिहरूमा साहसको अभाव छ। यस्ता मान्यताले गर्दा स्वदेश बस्न खोज्ने युवाले पनि बाध्य भएर विदेशलाई रोजगारको प्रमुख गन्तव्य बनाउन बाध्य छन्।

सङ्क्षेपमा भन्ने हो भने वैदेशिक रोजगार अहिले हाम्रो समाजमा सफलताको प्रतीक भएको छ। त्यसैले पनि ठूलोभन्दा ठूलो जोखिम उठाएर, ज्यान हत्केलामा राखेर, कैयौं दिन भोकै बसेर, कैयौं दिन जङ्गलमा भौंतारिएर नेपाली युवा गैरकानूनीरूपमा अनेक देशमा प्रवेश गरिरहेका छन्।

समाचारहरूमा उल्लेख भए अनुसार नेपालबाट गैरकानूनीरूपमा रोजगारका लागि अमेरिका जान खोज्ने व्यक्तिहरूले ३० देखि ६० लाखसम्म मानव तस्करलाई भुक्तान गरेका हुन्छन्। दशौं देशको यात्रा गर्न बाध्य हुन्छन्। कैयौं दिन जङ्गलैजङ्गल हिंडेका, भोकै बसेका हुन्छन्। त्यति मात्र नभएर ज्यान जान सक्ने जोखिम पनि उठाएका हुन्छन्। अन्तमा मेक्सिको (अमेरिकासँग टाँसिएको छिमेकी मुलुक) पुगेर गैरकानूनीरूपमा अमेरिका छिर्न खोज्दा जीवन-मरणको दोसाँधमा पुग्छन्।

वैदेशिक रोजगारसँग सम्बन्धित अनेक तथ्य र पक्षको गहन अध्ययन एवं विश्लेषण गर्दा हाम्रो गरीबी र वैदेशिक रोजगारबीच प्रत्यक्ष एवं घनिष्ट सम्बन्ध रहेको पाइँदैन। वर्तमान समय र सन्दर्भमा वैदेशिक रोजगार छिट्टै धनी हुने लालसा र प्रतिष्ठासँग पनि गाँसिएको छ।

गरीबी हरेक देशमा हुन्छ। यसैगरी सापेक्ष एवं निरपेक्ष गरीबी धनी देशमा पनि हुन्छ। धनी देशहरूमा निरपेक्ष गरीबी भने कम हुन्छ। तर सापेक्ष गरीबी पनि ठूलै अनुपातमा हुन्छ। तर पनि धनी एवं विकसित देशहरूमा गरीब भएकै कारण समाजमा इज्जत नपाइने स्थिति नहुने हुँदा गरीबीको पीडा नेपाल, भारत आदिमा झैं बोध हुँदैन।

हाम्रो समाजले वर्तमानमा जुन किसिमले वैदेशिक रोजगारलाई बोध गरेको छ, यथार्थमा वैदेशिक रोजगार त्यस्तो छैन। अनेक जोखिम र कष्टले भरिएको छ। मानव तस्करहरूको ठूलो सञ्जालले वैदेशिक रोजगारलाई झनै जोखिमपूर्ण पारिदिएको छ। रोजगारका लागि गैरकानूनीरूपमा अर्को मुलुकमा जानु त ज्यान नै जोखिममा राख्नु हो। मृत्यु हुन सक्छ भन्ने सम्भावनालाई स्वीकार गर्नु हो।

हामीमा उद्यमी भावनाको पनि अभाव छ। छिटो धनी हुने लालसा झनै हाम्रो लागि ठूलो शत्रु हुन पुगेको छ। हामी आफैंसँग प्रश्न गरौं। यदि ६० लाख रुपियाँ बुझाएर हामी वैदेशिक रोजगारमा जाने क्षमता राख्छौं भने त्यही रकमको स्वदेशमा उपयोग गरेर किन कुनै व्यापार, व्यवसाय वा पेशा गर्न सक्तैनौ ? ६० लाख रुपियाँ सानो रकम होइन। यो रकम लगानी गरेर हामी स्वदेशमा नै व्यापार गर्न सक्छौं। आफू स्वरोजगार बन्छौं नै, अरूलाई पनि रोजगार दिन सक्छौं।

हामी व्यापारिक जोखिम पटक्कै लिन चाहँदैनौं। हामी नयाँ किसिमका व्यवसायबारे सोच्न सक्तैनौं। केही वर्ष पहिलेसम्म हाम्रो समाजले व्यापारलाई महत्त्व दिएको थिएन। मानिसहरू सामान्य व्यापार सञ्चालन गर्नुको सट्टा सरकारी जागीरको खोजी गर्थे। सरकारी जागीरले ठूलो प्रतिष्ठा बोकेको थियो। सडकमा चना-चटपटे बिक्री गर्ने कुनै व्यक्तिभन्दा सरकारी कार्यालयमा काम गर्ने मुखियाको सामाजिक हैसियत (इज्जत) उच्च हुन्थ्यो। कति ठूलो आडम्बर र भ्रममा बाँचेको छ हाम्रो समाज ! रोजगारको हिसाबले चना-चटपटे बिक्री गर्ने व्यक्ति सीप भएको व्यक्ति हो, उसले स्वयं रोजगार सृजना गऱ्यो। तर मुखियाले सीप विकास गर्न सकेन अनि सरकारी जागीर रोज्यो ? चना-चटपटे बिक्रेतामा उद्यमी भावना देखियो भने मुखिया हुनेमा पटक्कै देखिएन। हाम्रो समाजले यो यथार्थ किन नबुझेको होला ?

## बर्दिवासका तीस वर्षे युवा उद्यमी सुधीर मन्त्री बनेर देश विकास गर्न चाहन्छन्

राधेश्याम पटेल, परवानीपुर, १४ असोज/

If you are a street cleaner, you have to clean so well that everybody knows that there is a street cleaner. युवा उद्यमी सुधीर अग्रवालले यो वाक्य बोल्दै भने–जुन काम गर्न खटेको हुन्छ, त्यो काम राम्ररी गर्न सकिएन भने जुन पेशा पनि बेकार छ।

३० वर्षे सुधीर प्रदेश २ को महोत्तरी जिल्लाको बर्दिवास बजारका उदीयमान युवा व्यवसायी हुन्। स्कूल जीवनदेखि गरिरहे।

फलतः अहिले पुराना डोकानिया नयाँ डोकानिया ब्रदर्समा परिणत भएर सुनचाँदी पसल, सिटिकेयर हस्पिटल, निशान र ड्याट्सनको शोरूम र २०७६ मा होटल नव्या दर्ता गरी २०७७ देखि अर्ध सञ्चालनमा आइसकेको छ।

अटो मोबाइल्समा उनी अहिले निशान र ड्याटसनको लागि प्रदेश २ कै प्रमुखको रूपमा काम गरिरहेका छन् भने नेपाल चेम्बर अफ कमर्स महोत्तरीका अध्यक्ष,





सुधीर अग्रवाल



मास्टर्ससम्म भारतको विभिन्न राज्यमा अध्ययन पूरा गरेका सुधीर अहिले विभिन्न क्षेत्रमा आफ्नो व्यावसायिक साम्राज्य फैलाउन व्यस्त छन्। उनको परिवार उनी तीन वर्षकै उमेरमा सप्तरीको बोडेबरसाइन गाउँबाट किराना व्यवसाय गर्न बर्दिवास सरेको थियो। बर्दिवास आएपछि बुवा सुरेश अग्रवाल र आमा सरोजदेवी अग्रवालले सानो किराना पसल खोले र नाम राखियो डोकानिया ब्रदर्स। जुन पसल अहिले पनि बर्दिवासमैं ठूलो आकारमा चलिरहेको छ। उक्त पसल अहिले पनि सुधीरका बुवाले सम्हालिरहेका छन्।

जनकपुरको जानकी बोर्डिङ स्कूलबाट कक्षा ३ सम्म अध्ययन गरेका सुधीरको बाँकी पढाइ दार्जिलिङबाट र प्लस टुको पढाइ सिलिगुडीको क्याब्रिज युनिभर्सिटीबाट भएको हो। उनले स्नातक र मास्टर्स दिल्लीको इन्दिरा गाँधी विश्वविद्यालयबाट गरेका हुन्। सुधीरका एकजना दिदी र दाइ छन्। सुधीरका दाइ हुलासचन्द्र अग्रवाल चिकित्सक बन्न एमबिबिएसको पढाइ गरिरहँदा बुवा सुरेशले सुधीरलाई व्यवसायको कखरा सिकाउँदै थिए। त्यसकारण उनी बुवासँग व्यवसायमा समय दिन थाले।

बुवाले २०६२ सालमैं युनिलिभरको डिलरको लागि सिन्धुलीमा पसल खोल्न एजेन्सी पाएका थिए तर खोल्न सकेनन्। फेरि २०६८ सालदेखि उनको व्यवसायमा नयाँ मोड आयो। बुवाकै प्रेरणामा उनले त्यति बेला सुनचाँदी पसल 'डोकानिया ज्वेलर्स' खोले। २०६२ सालदेखि साना किराना पसलबाट शुरू गरेको व्यवसाय सुनचाँदी पसलमा परिणत भएपछि पनि सुधीरमा अझ नयाँ गर्ने जोश र जाँगर उम्लिरहेको थियो । यसैको फलस्वरूप उनले प्रत्येक दुई वर्षमा नयाँ स्टार्टअप रत्न तथा आभूषण सङ्घ महोत्तरीका अध्यक्ष, होटल व्यवसायी सङ्घ महोत्तरीका सदस्यललगायत पदमा विराजमान छन्। गत वर्षदेखि होटल नव्या रु ३५ करोडको लगानीमा सञ्चालनमा आएको छ भने अहिलेसम्म उनको सबै व्यवसायमा एक अर्बभन्दा बढीको लगानी रहेको छ।

एक बिघा क्षेत्रफलमा निर्मित नव्या होटलमा ४५ वटा आरामदायी कोठा, दुईवटा स्वीमिङ पुल भएको कोठा (प्राइभेट भिल्ला) खुला स्पेस, स्वीमिङ पुल, चिल्ड्रेन पार्क, बेङ्कट हल, जिमखाना, रेस्टुरालगायत सुविधाले प्रदेश २ र बाहिरका पर्यटकलाई आकर्षित पारेको छ। सुधीर अहिले युपिभिसीको कारखाना खोलेर सयौंलाई रोजगार दिने योजनामा काम गरिरहेका छन्। बाल्यकालदेखि पढाइ र व्यवसायमा व्यस्त सुधीरका साथीभाइ कमै छन्। व्यस्तताको कारण समय दिन नसकेपछि उनलाई धेरै साथीले एरोगेन्ट (घमण्डी) साथीको रूपमा हेर्ने गरेको उनी स्वयं बताउँछन्। मलाई सबैले एरोगेन्ट भन्छन्–तर म एरोगेन्ट छैन, बिजी मात्र हुँ। उनी भन्छन्–यसै कारण धेरै साथी बनाउन सकेको छैन, तापनि खुशी छु, आफ्नो र आफ्नो गाउँठाउँको लागि केही गर्न सकेकोमा। उनले आफ्नो बर्दिवासको व्यवसायले करीब २ सय जनालाई रोजगार दिएर दुईवटा आइकन एवार्ड पनि प्राप्त गरेको बताए।

सन् २०२० मा भारतको रोलाले आयोजना गर्ने पुरस्कार समारोहमा उनले एशियाज लिडरसीप इन्टरप्रेनर र २०२१ मा ग्लोबल बिजनेस अवार्ड प्राप्त गरेका थिए। भारत र तेस्रो मुलुकमा पढेर त्यही बस्ने हो र आफ्नो देश, गाउँठाउँको

(बाँकी चौथो पातामा)

## प्राधिकरणको नयाँ महसूलप्रति मिश्रित प्रतिक्रिया

काठमाडौं, १४ असोज/रासस

नेपाल विद्युत् प्राधिकरणले प्रस्ताव गरेको नयाँ विद्युत् महसूलप्रति मिश्रित प्रतिक्रिया प्राप्त भएको छ। विद्युत् नियमन आयोगले बिहीवार आयोजना गरेको सार्वजनिक सुनुवाइमा सहभागी सर्वसाधारण, उद्योगी–व्यवसायी तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिले प्राधिकरणले प्रस्ताव गरेको २० युनिटसम्म खपत गर्ने ग्राहकलाई छुट दिने विषय जायज भएको बताए।




उनीहरूले डिमान्ड शुल्कमा भएको वृद्धि भने आफूहरूका लागि मान्य नभएको बताए। केही उपभोक्ता अधिकारकर्मीले गार्हस्थ्य उपभोक्तालाई प्राधिकरणले अझै पनि हेर्न नसकेको गुनासो गरे। प्राधिकरणले प्रस्ताव गरेको नयाँ महसूलमा पाँच एम्पियर बराबरको क्षमतामा २० युनिट बिजुली प्रयोग गर्नेलाई इनर्जी शुल्क नलाग्ने भएपनि सेवा शुल्क तिर्नुपर्नेमा आपत्ति जनाए। सुनुवाइमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रातको समयमा खेर जाने बिजुलीको अधिकतम उपभोग गर्न उद्योगी तथा व्यवसायीलाई अनुरोध गरे।

उनले उद्योगीले मागे जति बिजुली दिन प्राधिकरण तयार रहेको भन्दै बिजुली पाइएन भनेर गुनासो नगर्न आग्रह गरे। रातको समयमा प्रयोग गरिने बिजुलीको महसूलसमेत कम हुने र कम बिजुली प्रयोग भएको अवस्थामा मात्रै डिमान्ड शुल्क बढी पर्ने भएकाले बढीभन्दा बढी बिजुली खपत होओस् भन्ने ध्येयले मात्रै सात प्रतिशत मात्रै बढाइएको कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे।

प्राधिकरणले २२० केभी र ४०० केभी क्षमताको प्रसारण लाइनसमेत निर्माण गरिरहेको जानकारी दिंदै उनले औद्योगिक ग्राहकलाई अब १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत पनि

(बाँकी चौथो पातामा)

# सहकारीमा सुशासन

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**सहकारी संस्थाको दर्तामा जोड दिने तर त्यसको निगरानीमा चासो नलिने प्रवृत्तिकै कारण समग्र सहकारी क्षेत्र विकृत देखिन्छ । सहकारी संस्थामाथि नियन्त्रण होइन, नियमन जरूरी छ । यसरी सहकारिता अभियान नेपालको आर्थिक समृद्धिको आधार स्तम्भ बन्न सक्नेमा कुनै सन्देह छैन ।**

संविधानत: मुलुकको तीन खम्बे अर्थनीतिमध्येको एउटा प्रमुख खम्बा सहकारी क्षेत्र हो । नेपालको संविधानले सङ्कल्प गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण र व्यवस्थित गर्न सफल र सबल सहकारीले अर्थपूर्ण योगदान पुऱ्याउन सक्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने संविधानको राज्यका निर्देशक सिद्धान्तभित्र पर्छ । आर्थिक समृद्धि र आत्मनिर्भर अर्थ व्यवस्थाका लागि आवश्यक नीति–नियमको व्यवस्था र कार्यान्वयन गर्ने अभिभारा सरकारको भए तापनि अन्य सरोकार पक्षको सक्रिय सहभागिताको पनि उत्तिकै महत्व रहन्छ ।

मुलुकको आर्थिक विकासका लागि सहकारीको व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्नु अहिले ठूलो चुनौती छ । अधिकांश सहकारीमा सञ्चालक समितिको चयन, कर्मचारीको नियुक्ति, आम्दानी खर्चको पारदर्शितामा समस्या देखिएको छ । सेयर सदस्यहरूको सदाशयता र विश्वासको गलत फाइदा उठाउँदै केही धूर्त व्यक्तिले सञ्चालकलगायत समितिमा परिवारका सदस्य वा नजीकका व्यक्ति राखेर मनपर्दो गर्ने क्रममा वृद्धि भएको पाइन्छ । पदाधिकारी चयन, अडिटको प्रमाणीकरणजस्ता काइते एवं रकमी सिन्डिकेटका आधारमा अपारदर्शी साधारणसभाबाट कागजी प्रक्रिया पूरा गरी टाठाबाठाहरूको हैकम कायम राख्ने प्रवृत्ति मौलाउँदै गएको छ । सहकारीमा खर्चका विवरण वास्तविकताभन्दा पनि बिल–भर्पाइ दुरुस्त राखी व्यक्तिगत लाभ लिने दुराशयका कारण सहकारीको सिद्धान्त र मर्ममाथि नै प्रश्न खडा गरिदिएको छ ।

कमिशनमा कमाउने र चाकडीमा रमाउने प्रवृत्ति कतिपय सञ्चालकहरूको नियत रहेको छ । सहकारीका केही लोभी–पापी सञ्चालकहरू जागिरे भएर आफ्नो सेवासुविधा बढाउनेजस्ता निन्दनीय र हास्यास्पद निर्णय गरेका घटनाहरू सामान्य बन्दै गएका छन् । सहकारी सञ्चालनमा विधि र प्रक्रियासम्मत पारदर्शी कार्यशैलीभन्दा सामन्ती सोच र स्वार्थबाट प्रदूषित हुँदै जानु भविष्यका लागि शुभ सङ्केत होइन । सहकारीमा देखिएका बेथिति नियमन गर्दै सुशासन कायम गर्न सम्बन्धित निकाय बेलैमा चनाखो नहुने हो भने बेथिति झन् मौलाउने निश्चित छ । कोरोना भाइरस सङ्क्रमणका कारण अन्य क्षेत्रजस्तै मुलुकको सहकारी क्षेत्र पनि निकै प्रभावित भएको छ । यस्तो अवस्थामा सहकारीमा सुशासन आजको अपरिहार्य आश्यकता हो । आम नागरिकको प्रत्यक्ष जनजीवन र उत्पादनसँग जोडिएको सहकारी क्षेत्रको उत्थानमा सबै मिलेर लाग्नुपर्छ । यसमा सरकारको पनि दरिलो साथ र सहयोग आवश्यक हुन्छ ।

नेपालमा वित्तीय पहुँचमा २५ प्रतिशत हिस्सा ओगटेको सहकारी क्षेत्रले वाणिज्य बैंकपछि ठूलो कारोबार गर्दै आइरहेको छ । तर, सहकारीको कारोबारलाई अनुगमन गर्ने नियामक निकाय नहुँदा संस्थाहरूले आफूखुसी लगानी गर्ने गरेका छन् । जसकारण सहकारी संस्थाहरू अप्ठ्यारोमा पर्ने गरेका छन् । नियमित अनुगमन नभएका सहकारी संस्थाहरूले जोखिम मूल्याङ्कन नगरी जथाभावी लगानी गरेका छन् । सहकारी संस्थामा पूँजी दुरुपयोग रोक्न र पूँजीगत आधार बलियो बनाउन करीब दर्जन कोषको व्यवस्था गरिए पनि बहुसङ्ख्यक सहकारीले यसको पालना गरेका छैनन् । कोषको व्यवस्थापछि संस्था समस्याग्रस्त हुँदा एकातिर सदस्यहरूको बचत फिर्ताको सुनिश्चितता हुन्छ भने अर्कोतिर निश्चित प्रतिशत रकम विभिन्न कोषमा छुट्याउनुपर्ने भएकाले सञ्चालकले मनपरी रकम परिचालन गर्न नपाउने जानकारहरू बताउँछन् । त्यस्तै लगानीको विविधीकरण नभएको, जोखिम व्यवस्था नगरिएको, अनुत्पादक क्षेत्रको लगानी र पर्याप्त तरलतासमेत नराखिएको कारणले पनि सहकारी क्षेत्रमा समस्या आएको देखिन्छ ।

स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारीबीच पारस्परिक सहयोग तथा समुदाय र वातावरणप्रति सहकारीका आधारभूत सिद्धान्त हुन् । सहकारीको जन्म गरीबी, असमानता र भेदभावकै विरुद्ध भएको हो । नेपालमा पछिल्लो समयमा सहकारीको सङ्ख्यात्मक वृद्धि तीव्र गतिमा भएको पाइन्छ । नेपालमा पहिलो सहकारी ऐन, २०४८ बन्दा ८ सय ३३ मात्र सहकारी भएकोमा हाल २९ हजार ८ सय ८६ सहकारीमा ७३ लाख ७ हजार ४ सय ६२ भन्दा बढी व्यक्ति सेयर धनीका रूपमा सङ्गठित भएका छन् । विगत तीन वर्षमा ४ हजार ६ सय ४४ सहकारी घटेका छन् । सहकारी सङ्घीय सरकार अन्तर्गत १२५, प्रदेश सरकार अन्तर्गत ६,२०० र स्थानीय सरकार अन्तर्गत २३,७५९ रहेका छन् । हाल सञ्चालित सहकारीमध्ये २० विषयगत केन्द्रीय सङ्घ, एक राष्ट्रिय सहकारी बैंक, एक राष्ट्रिय सहकारी महासङ्घ र २४१ विषयगत जिल्ला सहकारी सङ्घ क्रियाशील छन् । सहकारीमा ५६ प्रतिशत महिला सदस्य रहेका छन् । सहकारी सङ्घसंस्थाले मुलुकभर ८८ हजार ३ सय ९ जनालाई प्रत्यक्ष रोजगार प्रदान गरेको छ । अहिले सहकारीको कारोबार रु १० खर्बभन्दा माथि रहेको छ । सहकारीको रु ९४ अर्ब १० करोड सेयर पूँजी तथा रु ४ खर्ब ७७ अर्ब ९६ करोड बचत सङ्कलन गरी रु ४ खर्ब ३६ करोड ऋण दिएको सरकारी तथ्याङ्क छ । कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत, वित्तीय क्षेत्रमा २० प्रतिशत र एक लाखभन्दा बढी प्रत्यक्ष रोजगार, १० लाख स्वरोजगार र कम्तीमा पनि रु ५ खर्बको वित्तीय कारोबार सहकारीहरूले गरेको तथ्याङ्क छ ।

सहकारी क्षेत्रमा आर्थिक (वित्तीय) व्यवस्थापनको विषय मात्र होइन, यतिखेर समग्र सामाजिक उत्तरदायित्व, आफ्ना मूल्य, मान्यता र सिद्धान्तलाई समेत जोगाउनु सहकारीका लागि चुनौतीको पहाड बनेर उभिएको छ । कोरोनाका कारण बिग्रिएको वित्तीय पाटो सम्हाल्नु त छँदैछ, त्यसको साथसाथै कोरोनाबाट सिर्जित विषम परिस्थितिबाट गुज्रिरहेका आफ्ना सदस्य, समुदाय र राष्ट्रकै अर्थतन्त्र माथि उठाउनुपर्ने चुनौती र जिम्मेवारीसमेत सहकारीसँग छ । यस्तो विषम परिस्थितिबाट समग्र सहकारी क्षेत्रको संरक्षण, उत्थान, विकास र संवर्द्धन गर्दै सिङ्गो मुलुकको आर्थिक रूपान्तरणका लागि सम्पूर्ण सहकारी अभियान, नेतृत्वकर्ता, विभिन्न विषयगत सङ्घसंस्थालगायत राज्य नै एकजुट भएर लाग्नुपर्ने देखिन्छ ।

हुनत नेपालको आर्थिक समृद्धिका लागि सबैभन्दा महत्त्वपूर्ण र सशक्त क्षेत्र भनेकै सहकारी हो । सहकारी क्षेत्रको माध्यमबाट नै छरिएर रहेका आम नेपाली नागरिकको पूँजी, श्रम, सीप र प्रविधिको उपयोग तथा उद्यमशीलताको उचित विकास र विस्तार गरी मुलुकलाई आर्थिक रूपान्तरणको बाटोमा डोऱ्याउन सकिन्छ । त्यसैले ग्रामीण क्षेत्रमा रहेका आर्थिक विकासका सम्भावनायुक्त स्रोतहरूको पहिचान गरी त्यसको दिगो उपयोग कसरी गर्न सकिन्छ, त्यसबारे व्यापक अध्ययन, अनुसन्धान र खोजी गर्नुपर्दछ र त्यसै अनुरूप नीति एवं कार्ययोजना पनि बनाउनुपर्दछ । कोरोना कहरको बेला नेपालको आर्थिक विकासका थुप्रै सम्भावनाहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण र सशक्त आर्थिक स्रोत भएको क्षेत्र भनेको कृषि नै हो भन्ने प्रमाणित भएको छ । वास्तवमा यो क्षेत्र थुप्रै आर्थिक स्रोत र सम्भावना भएको क्षेत्र हो । सहकारिताको माध्यमबाट तिनको उचित ढङ्गले विकास र विस्तार गर्न सकियो भने कोरोनाको कहरबाट सङ्कटग्रस्त बनेको नेपाली अर्थतन्त्र अगाडि बढाउन सकिन्छ । यसका लागि तीनै तहका सरकारले सहकारीका उपयोगिता र प्रभावकारिताबारे बढीभन्दा बढी जनचेतना जगाउन सक्नुपर्दछ । सहकारीमा हुने आर्थिक अनियमितता निरुत्साहित गर्दै पारदर्शी बनाउन आम्दानी र खर्चको अनिवार्य सामाजिक लेखा परीक्षण गर्ने प्रावधान आर्थिक अनुशासन कायम गर्न कोसेढुङ्गा हुन सक्छ ।

कोरोनाको महामारीबाट स्वदेश फर्केका युवालाई सहकारीमार्फत रोजगार सृजना गर्ने, आयआर्जन, उत्पादकत्व वृद्धि, कृषि व्यावसायीकरण तथा बजारीकरण अभियानकै रूपमा सञ्चालन गर्नुपर्दछ । अर्कोतिर नेपालमा बैंक र वित्तीय संस्थाहरूजस्तै सहकारीलाई पनि मर्जरमा लैजानु अहिलेको आवश्यकता हो । सङ्ख्यात्मकरूपमा सहकारीले उल्लेखनीय प्रगति गरेको देखिए पनि गुणात्मकरूपमा त्यस अनुरूप प्रगति गर्न सकेको छैन । शहरी क्षेत्रमा जसरी सहकारिताको घनीभूत विकास भइरहको छ, ग्रामीण क्षेत्रमा त्यस अनुरूप हुन सकेको छैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको अभावमा यो क्षेत्र थुप्रै विकृति र विसङ्गतिको कालो बादलले घेरिएको देखिन्छ । सहकारीको मूल्य, मान्यता र सिद्धान्तविपरीत संस्था चल्नुलाई कुनै पनि हालतमा साधुवादको विषय भन्न सकिंदैन । त्यस्ता गलत प्रवृत्तिका संस्थालाई समयमैं दण्डित गर्ने परिपाटीको विकास हुनैपर्छ । सहकारी संस्थाको दर्तामा जोड दिने तर त्यसको निगरानीमा चासो नलिने प्रवृत्तिकै कारण समग्र सहकारी क्षेत्र अहिले विकृत भएको देखिन्छ । सहकारी संस्थामाथि नियन्त्रण होइन, नियमन जरूरी छ । यसरी सहकारिता अभियान नेपालको आर्थिक समृद्धिको प्रमुख आधार स्तम्भ बन्न सक्नेमा कुनै सन्देह छैन । तर यसका लागि तीनवटै तहका सरकार, राष्ट्रिय सहकारी लगायत यससँग सम्बन्धित सम्पूर्ण सहकारी सङ्घसंस्था र निकायले एकीकृत र समन्वयात्मक ढङ्गबाट काम गर्न सकेमा सहकारी क्षेत्र नेपालको आर्थिक समृद्धिको मुख्य मेरुदण्ड बन्ने कुरामा शङ्का गर्नुपर्ने कुनै कारण छैन ।



वीरगंज–पोखरिया सडकखण्ड भएर साइकलमा घरायसी सामान लिएर गन्तव्यतर्फ जाँदै यात्रु । तस्वीर : तिवारी यादव

## बर्दिवासका तीसवर्षे युवा....

विकास र उन्नतिका लागि केही नगर्ने हो भने त्यस्तो पढाइ, अनुभवको के काम, उनको बुझाइ छ । सबैले अरूजस्तै प्रस्तुत हुने हो भने हाम्रो गाउँठाउँ अनि देशको विकास सम्भव छैन । त्यसै मान्यताले आफ्नै ठाउँमा जमेर बसेको सुधीर बताउँछन् । बुवाआमा र परिवारको माया स्नेहसँगै आफूसँग काम गर्ने कर्मचारीमाथि पनि विश्वास गर्ने वातावरण बनाइयो भने कुनै पनि पेशामा पछि परिंदैन भन्ने उनको बुझाइ छ । सुधीर यसैलाई आफ्नो सफलताको सूत्र बनाएर अहिलेसम्म अगाडि बढेको बताउँछन् । सुधीरको अर्को सपना पनि छ–राजनीतिमा लागेर मन्त्री बन्ने । उनले राजनीतिमा पढेलेखेका र केही गर्ने सोच राखेका मानिसको सहभागिता पातलिन थालेकोले आफ्नो अभिरुचि त्यसतर्फ रहेको बताए । अबको चाहना मन्त्री बनेर देश विकास गर्नेछ सुधीर भन्छन् ।

# प्रतितोला रु २०० ले घट्यो सुनको मूल्य

काठमाडौं, १४ असोज/रासस

नेपाली बजारमा आज सुनको मूल्य प्रतितोला रु २०० ले घटेको छ । छापावाल सुन बुधवार प्रतितोला रु ८८ हजार ९०० मा कारोबार भएको थियो ।



नेपाल सुन चाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको तथ्याङ्क अनुसार छापावाल सुनको मूल्य प्रतितोला रु ८८ हजार ७०० तोकिएको छ । तेजाबी सुनको मूल्य प्रतितोला रु ८८ हजार २५० कायम गरिएको छ जुन बुधवार प्रतितोला रु ८८ हजार ४५० मा कारोबार भएको थियो । महासङ्घका अनुसार चाँदीको मूल्य बुधवारको तुलनामा आज प्रतितोला रु ३५ ले घटेको छ । बुधवार प्रतितोला रु एक हजार १५५ मा कारोबार भएको चाँदीको मूल्य आज प्रतितोला रु एक हजार १२० तोकिएको छ ।

अन्तर्राष्ट्रिय बजारमा हुने सुनचाँदी कारोबार मूल्यका आधारमा नेपालमा महासङ्घले सुन तथा चाँदीको मूल्य तोक्ने गर्दछ । अन्तर्राष्ट्रिय बजारमा यतिखेर सुन प्रतिऔंस १७३२.७२ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

## प्राधिकरणको नयाँ महसूल.....

बिजुली उपलब्ध गराउन सकिने बताए ।

वीरगंज, भैरहवा र नवलपरासीलगायत औद्योगिक करिडोरमा ठूला क्षमताका प्रसारण लाइनबाट बिजुली उपलब्ध गराउन सकिने र वितरण प्रणालीमा उल्लेख्य लगानी गरिएको छ ।

वर्षाका बेला मात्रै केही बिजुली खेर गए पनि पूर्णरूपमा हिउँदको समयमा अझै आयात गर्नुपर्ने भएकाले क्रमश: बिजुलीको महसूल न्यून गर्दै लगिने कार्यकारी निर्देशक घिसिङको भनाइ थियो ।

### झुपडीमा बस्नेले पनि सहज बिजुली पाउन

उपभोक्ता अधिकारीकर्मी सुवर्णप्रभा गुरागाईंले झुपडीमा बस्नेले पनि सहजरूपमा बिजुलीको सुविधा लिन पाउने गरी महसूल निर्धारण हुनुपर्ने बताइन् ।

उनले रु ९५ अर्ब बराबरको खाना पकाउने ग्याँसका लागि नेपाली मुद्रा विदेशिने गरेको भन्दै त्यसलाई रोक्न इन्डक्शन चुलो प्रयोग गर्न सक्ने गरी महसूल निर्धारण हुनुपर्नेमा जोड दिइन् ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घका प्रतिनिधि राजेन्द्र अर्यालले खानेपानीमा डिमान्ड शुल्क गत वर्षदेखि नै घटेको तथ्य पेश गर्दै चालू आवको बजेटमार्फत खानेपानीमा महसूल नलाग्ने भनिए पनि प्राधिकरणले महसूल प्रस्ताव गरेको गुनासो गरे ।

राष्ट्रिय सिंचाइ उपभोक्ता महासङ्घका प्रतिनिधि शम्भुप्रसाद दुलालले सिंचाइका लागि ५८ प्रतिशत महसूल घटेकोमा प्राधिकरणलाई धन्यवाद दिंदै आगामी वर्षदेखि थप कम महसूल लाग्ने व्यवस्था गर्न माग गरे ।


## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## हवाई उडान सञ्चालन गर्न भारतलाई तालिबान सरकारको आग्रह

नयाँ दिल्ली, १४ असोज/सिन्ह्वा

अफगानिस्तानको तालिबान सरकारले अफगानिस्तान र भारतबीच भइआएको हवाई उडान शुरू गर्न भारत सरकारसँग आग्रह गरेको छ। तालिबानी सरकारका एकजना अधिकारीले भारत सरकारलाई पत्र लेखेर यस अघिका सबै हवाई उडान सञ्चालन गरिदिन आग्रह गरेका हुन्।



तस्वीरः फाइल

यस अघि भारतले अफगानिस्तानमा उडान गर्दै आएको थियो। तर अफगानिस्तानको सरकार अपदस्थ गरेर तालिबानीले सत्ता हत्याएपछि गएको अगस्त १५ पछि भारतले ती सबै उडान बन्द गरेको छ।

तालिबानीहरूले अफगानिस्तानको सत्ता कब्जा गरेपछि अरू देशहरूले पनि आफ्ना हवाई उडान रोकेका थिए। तर पाकिस्तानले भने केही दिन अघिदेखि इस्लामाबाद काबुल उडान पुनः सञ्चालनमा ल्याएको छ।

भारतजस्तै अरू कतिपय देशले अहिले पनि उडान पुनः सञ्चालनमा ल्याएका छैनन्। रासस

## कारागारमा कैदीहरूबीच भएको झडपमा २४ को मृत्यु, ४२ घाइते

क्वीटो, १४ असोज/सिन्ह्वा

इक्वेडरको एउटा कारागारमा भएको झडपमा परेर मृत्यु हुने कैदीहरूको सङ्ख्या बुधवार ३० पुगेको र घाइतेहरू ५२ जना पुगेको बताइएको छ।

कारागारमा राखिएका कैदीहरूबीच गाकुइलमा रहेको जेलमा सो झडप भएको थियो। यहाँको राष्ट्रिय प्रहरीले ती कैदीहरूबीच आपसी झगडाका कारण यस्तो


इक्वेडरको कारागारमा झडपपछि सुरक्षार्थ तैनाथ प्रहरी। तस्वीरः सिन्ह्वा

सङ्ख्या कम्तीमा ३० पुगेको छ। बुधवार यहाँका कैदीमध्ये ३० जनाको मृत्यु भएको बताइएको छ। यस अघि २४ जनाको मृत्यु भएको र अरू ४२ जना घाइते भएका बताइएको थियो। मङ्गलवार भएको सो झडपमा परेर मृत्यु हुनेको झडप हुँदा उनीहरू मारिएका हुन्। उनीहरूको परस्पर भएको झडपका क्रममा धेरैजना घाइते भएका बताइएको छ। घाइतेमध्ये धेरैको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ। मङ्गलवार यहाँको समुद्र तटीय नगर झडप हुन पुगेको बताएको छ। इक्वेडरका कारागारमा समयसमयमा यस्तो झडप हुने गरेको छ। गएको फरवरी महीनामा पनि यहाँका तीन कारागारमा झडप भएको थियो र त्यसमा परेर ७९ जनाको ज्यान गएको बताइएको थियो। रासस

## रूसी र टर्कीस राष्ट्रपतिबीच भेटवार्ता, सिरियाबारे कुराकानी

मस्को, १४ असोज/सिन्ह्वा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र टर्कीस राष्ट्रपति रिसेप तैयप एर्डोगानबीच भेटवार्ता भएको छ। उनीहरूले पछिल्ला वर्षमा रूस र टर्कीले गरेका सहकार्यबारे कुराकानी गरेको बताइएको छ।

उनीहरूबीच पछिल्लो समयमा सिरियाल र लेबनानका विषयमा भएको सहकार्यका विषयमा कुराकानी भएको बताइएको छ।

प्राप्त समाचार अनुसार उनीहरूबीच भएको कुराकानीले आगामी दिनमा पनि सो सहकार्यले निरन्तरता पाउने सहमति भएको बताइएको छ। रूस र टर्कीको संयुक्त सैन्य समूहले पछिल्ला केही वर्षयता सिरियामा सहकार्य गरिरहेको छ। सिरियामा अतिवादीविरुद्ध यी दुई देशको सेनाले संयुक्त सैन्य कारबाही पनि गर्दै आएको छ।

सिरियामा जारी रहेको सैन्य र अन्य सहकार्य सफल रहेको निष्कर्ष पनि दुई नेताहरूले निकालेका थिए। टर्कीस



राष्ट्रपति एर्डोगानले रूसी राष्ट्रपति पुटिनसँग सैन्य, व्यापार तथा लगानीका अन्य विषयमा पनि कुराकानी भएको बताएका छन्। उनले लामो समयपछि भएको यो उच्चस्तरीय भेटवार्ता द्विपक्षीय सम्बन्धको विकास र विस्तारका लागि सहयोगी हुने बताए। रासस


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष — भाग्योदय | वृष — खर्चवृद्धि |
| मिथुन — मनोरञ्जन | कर्कट — कर्मप्राप्ति |
| सिंह — राज्यलाभ | कन्या — रोगभय |
| तुला — व्यापारवृद्धि | वृश्चिक — शत्रुभय |
| धनु — ज्ञानोदय | मकर — भयचिन्ता |
| कुम्भ — मित्रमिलन | मीन — कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



भारतको राजस्थान निवासी भरत बावला नेपालमा सात वर्षदेखि मूर्ति बनाएर आफ्नो २५ जना परिवारको पेट पाल्दै आएका छन्। वीरगंजमा अहिले मूर्ति बनाएर बिक्री गर्दै आएका बावलालाई उनका परिवारजनले पनि सघाउने गरेका छन्। तस्वीरः पङ्कज श्रेष्ठ

## बहिरा सङ्घको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, १४ असोज/

अन्तर्राष्ट्रिय साङ्केतिक भाषा दिवसको अवसरमा बिहीवार पर्सा बहिरा सङ्घले ११औं साधारणसभा सम्पन्न गरेको छ।




वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले साधारणसभाको उद्घाटन गरेका थिए। महानगरपालिकाले शारीरिक र मानसिकरूपमा अपाङ्ग बालबालिकाहरूका लागि सञ्चालन गरेको विद्यालयमा पर्सा बहिरा सङ्घले साधारणसभा गरेको थियो। कार्यक्रममा उपप्रमुख शान्ति कार्कीलगायको सहभागिता थियो।

## काठसहित प्रहरी पक्राउ

प्रस, पंचगावाँ, १४ असोज/

पटेर्वासुगौली गाउँपालिका-२ बेल्वामा काठ लोड मोटरसाइकलसहित एकजना प्रहरीसमेत दुईजना पक्राउ परेको समाचार छ। जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी जवान अमजद अलि र उनका सहयोगी मिन्टु नम्बर नखुलेको प्लाटिना मोटरसाइकलसहित पक्राउ परेका हुन्।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी सहायक निरीक्षक सञ्जय झा नेतृत्वको टोलीले हिजो बुधवार पक्राउ गरी आवश्यक कारबाईको लागि सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको बडनिहारका सुबेदार प्रदीप तिमल्सिनाले बताए।

## प्रहरी नियन्त्रणमा रहेको ट्रकबाट बैट्री चोरी

प्रस, वीरगंज, १४/

ट्राफिक प्रहरी बिट सुक्खा बन्दरगाह बहुअरीको नियन्त्रणमा रहेको ना.८ख २८१८ नम्बरको ट्रकबाट गएराति दुईवटा बैट्री चोरी भएको छ।

चोरहरूले सडक छेउछाउमा रोकिएका सवारीसाधनबाट बैट्रीलगायत अन्य पार्टपुर्जाहरू चोरी गर्दै आएका थिए तर गएराति भने उनीहरूको मनोबल बढेर ट्राफिक प्रहरीले आफ्नो नियन्त्रणमा राखेको ट्रकबाट बैट्री चोरी गरेका थिए। सवारीधनी सतीश कुमारले सुक्खा बन्दरगाहबाट तीन दिनअगाडि फलाम लोड गरी नौतन जाने क्रममा ट्राफिक प्रहरीले ओभरलोड भएको भन्दै उनको दुईवटा गाडी नियन्त्रणमा लिएको थियो। ट्राफिक प्रहरी बिट बहुअरीले नियन्त्रणमा लिएको गाडीबाट बैट्री चोरी भएको उनले बताए। तीन दिनदेखि गाडी ट्राफिक प्रहरी बिटमा हुँदा चोरीको घटना हुनु आश्चर्यजनक भएको उनले बताए। चोरीबारे प्रहरी चौकी सुक्खा बन्दरगाहमा सतीश कुमारले लिखित उजूरी दिएका छन्।

### बन्द रहेको दि जुद्ध म्याच......

जग्गालगायत भौतिक सम्पत्ति क्षति भएको भन्दै त्यसलाई बचाउन कम्पनी फेरि सक्रिय भएर लाग्नेमा आफू आशावादी रहेको बताए।

अर्का वडाध्यक्ष जगतसाह कानूले कम्पनी बन्द भएपनि शेयरधनीको लगानी त्यसै अड्किरहेको अवस्थामा एउटा निकास दिन पनि कम्पनीले साधारणसभा गर्नु उचित भएको बताए।

उद्घाटन सत्रमा लोकतान्त्रिक समाजवादी पार्टीका नेता राजेशमान सिंह, कम्पनीका सञ्चालकहरू श्रवणकुमार श्रेष्ठ, राकेश मास्के, सुरेन्द्र लाल, कम्पनी सचिव सुरेश पोखरेल, रामप्रसाद खनाललगायतको सहभागिता थियो।

आव २०४३/४४ देखि निष्क्रिय रहेको कम्पनी २०४७/४८ देखि भने सम्बन्धित सरकारी कार्यालयलाई सूचना दिएर बन्द अवस्थामा थियो।

लामो समयदेखि बन्द रहेको कम्पनीको प्रशासनिक कार्य सञ्चालनका साथै शेयरधनीको हितमा काम गर्नुपर्ने भएकोले औपचारिकरूपमा नियमबद्ध तरीकाले साधारणसभा सम्पन्न गरिएको कम्पनीले दाबी गरेको छ।

यसैगरी, साधारणसभाले कम्पनी सञ्चालक समिति चयन गरेको छ। सञ्चालक समितिमा श्रवणकुमार श्रेष्ठ, राकेशकुमार मास्के, राजेशमान सिंह, राजेशकुमार गुप्ता, शेख अब्दुल र रूपेशमान सिंह छन्।

## महिलाहरूलाई मेहदी र खेलौना बनाउने तालीम

प्रस, वीरगंज, १४ असोज/

वीरगंज महानगरपालिका-८ वडा कार्यालयको सहयोगमा नेपाल महिला कल्याण संस्थाले बिहीवारदेखि १५ दिने मेहदी र खेलौना बनाउने तालीम शुरू गरेको छ।

वडाध्यक्ष राजकिशोर गुप्ताले आज दुवै तालीमको उद्घाटन गरेका थिए। उनले वडाका घरेलु महिलाहरूलाई सीप सिकाएर रोजगारतर्फ आकर्षित गर्नका लागि तालीम आयोजना गरेको बताए। महिलाहरूले सीप नभएका कारण घरेलु कामपछि त्यत्तिकै समय बिताउने गरेकाले उनीहरूलाई सीप दिन सके रोजगार गरी आर्थिक समस्याबाट मुक्त हुन सक्थे भन्ने विश्वासका साथ तालीम आयोजना गरिएको बताए।

संस्थाकी अध्यक्ष रेखा घिमिरेले सिकेको सीपलाई व्यवहारमा उतारेको खण्डमा महिला बेराजगारी समस्यामा केही टेवा पुग्ने बताइन्। सीप सिकेर मात्र केही नहुने बताउँदै उनले सिकेको सीपको सदुपयोग गर्न सुझाइन्।

आजदेखि शुरू भएको तालीममा वडाका ५० जना महिला सहभागी भएको र उनीहरूलाई प्रशिक्षिकाद्वय सरिता उपाध्याय र भगवती अधिकारीले प्रशिक्षण दिइरहेका छन्।

# जितिया पर्वको अवसरमा मेला र कुश्ती

प्रस, पंचगावाँ, १४ असोज/

सखुवाप्रसौनी गाउँपालिकाको आर्थिक सहयोगमा जितिया पर्वको अवसरमा वडा समितिले कुश्ती प्रतियोगिता र मेला आयोजन गरेको छ।


तस्वीरः प्रतीक

दीपनारायण नमूना माध्यमिक विद्यालयको खेलमैदानमा कुश्ती प्रतियोगिता एवं मेला आयोजना गरिएको थियो। कुश्तीमा नेपाल र भारतका पहलवानहरूको सहभागिता थियो। प्रतियोगिताको उद्घाटन गापा प्रमुख प्रदीप जयसवालले गरेका थिए।

वडाध्यक्ष नियाज अहमदको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष फूलमतीदेवी चौधरी, निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजेन्द्र चौधरी, लेखापाल सुमन साह, मेला समितिका अध्यक्ष शम्भु यादव, पत्रकार प्रमोद यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कुश्तीमा पहिलो हुने वसन्त थापाले ६० हजार, दोस्रो हुने भारत अयोध्याका वैरागी बाबाले ४८ हजार र तेस्रो हुने मन्टु यादवलाई ४० हजार र अन्य पाँचजना पहलवानलाई जनही १५ हजार नगदले पुरस्कृत गरिएको थियो।

## पर्सागढीमा महीनावारीसम्बन्धी सचेतना कार्यक्रम

प्रस, पचगावाँ, १४ असोज/

द मोबाइल जोन वीरगंजको आयोजनामा पर्सागढी नगरपालिकाको सामुदायिक विद्यालयमा महीनावारीसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ।

पर्सागढी नगरपालिका-५ स्थित बहुअर्वासिरामा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा अध्ययनरत कक्षा ५-८ का छात्राहरूलाई प्रशिक्षिका पल्लवी हरलालकाले महीनावारीबारे प्रशिक्षण दिएकी थिइन्।

उनले महीनावारी महिलाहरूको शरीरको नियमित र आवश्यक प्रक्रिया भएको र यो प्रक्रियाले शरीरलाई स्वस्थ राख्न मदत पुग्ने बताइन्। उनले महीनावारीप्रतिको नकारात्मक प्रचारमा नलाग्न पनि सुझाइन्।

उनले महीनावारी भएको बेलामा शरीरको सरसफाइमा बढी ध्यान दिनुको साथै पोषिला खानेकुरा बढी मात्रामा खान सल्लाह दिइन्। उनले श्रव्यदृश्यद्वारा छात्राहरूलाई सोबारे थप जानकारी गराउँदै महीनावारी भएको बेलामा गर्नुपर्ने हलुका व्यायामबारेमा पनि जानकारी गराइन्।

कार्यक्रमका प्रमुख अतिथि प्रधानाध्यापक रामाशिष यादवले महीनावारीसम्बन्धी प्रशिक्षण छात्राहरूको लागि गुणकारी हुने बताए। उनले आफूले पाएको जानकारी छात्राहरूले साथीसङ्गत र घरपरिवारका महिला सदस्यहरूमा साझा गर्दा यससम्बन्धी जागरण हुने र महीनावारीसम्बन्धी भ्रामक कुराहरूको न्यूनीकरण हुने बताए।

कार्यक्रममा संयोजक लालबाबू सिंह, शिक्षिका राधारानी चौधरी, पुनिता यादव, मोबाइल जोनकी प्रतिमा खड्गी, नम्रता मगरलगायतले सहयोगी भूमिका निर्वाह गरेका थिए।


**खोप लगाऔं सुरक्षित रहौं**
**खोप लगाएपछि पनि,**

- मास्कको नियमित प्रयोग गरौं,
- अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
- भीडभाडबाट बचौं,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
- साबुनपानीले हात धोऔं,
- साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
- शङ्का लागे तुरुन्त स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**







# खेलकूदको संसार

## अमृत युवा र श्रीस्टार क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, १४ असोज/

हिन्दूहरूको महान् पर्व विजयादशमीको अवसरमा ठोरी गाउँपालिका-२ को खेलमैदानमा जारी फूटबल प्रतियोगिताको दोस्रो दिनको पहिलो खेलमा अमृत युवा क्लब ठोरी-२ विजयी भएको छ। निर्मलबस्ती फूटबल क्लब ठोरी-४ लाई शून्यका विरुद्ध पाँच गोलअन्तरले पराजित गर्दै अमृत युवा क्लब विजयी भएको हो।


तस्वीरः प्रतीक

अमृत युवा क्लबका सिजल गुरुङले पहिलो गोल गर्दै टीमलाई अग्रता दिलाएका थिए। मध्यान्तरअघि नै मनीष श्रेष्ठले दोस्रो खेल गरे। मध्यान्तरपछिको खेलमा सिजल गुरुङले लगातार थप दुई गोल गरे भने पाँचौं गोल राज थापाले गरेका थिए। पहेलो खेलको 'म्यान अफ दी म्याच' तीन गोल गरेका सिजल गुरुङ घोषित भए।

दोस्रो खेलमा श्रीस्टार क्लबले स्वर्ण युवा क्लब सुवर्णपुरलाई एकका विरुद्ध दुई गोलअन्तरले पराजित गर्‍यो।

श्रीस्टारका क्षितिज विष्ट र निखिल तामाङले एक/एक गोल गरे भने स्वर्ण युवा क्लबबाट रोहण क्षेत्रीले मात्र एक गोल गर्न सके। दोस्रो खेलको 'म्यान अफ दी म्याच' श्रीस्टारका क्षितिज विष्ट घोषित भए।

भोलि पहिलो खेल युवा जागृति क्लब ठोरी-२ र युथ युनिटी क्लब ठोरी-२ बीच र दोस्रो खेल चौतारी गढवालाइन ठोरी-५ र निर्मल समाज क्लब ठोरी-१ बीच हुने खेल संयोजक सुनील लामाले बताए।

## स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल
## छैटौं दिन भरतपुर फूटबल क्लब, चितवन विजयी

माधव तिमिल्सिना, ठोरी, असोज १४/

ठोरी-४, विजयबस्तीमा जारी समाजसेवी स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबलको छैटौं दिन बिहीवारको खेलमा भरतपुर फूटबल क्लब, चितवन विजयी भएको छ।

विजयबस्ती खेलमैदानमा आज सम्पन्न खेलमा चितवनले युवा प्रगति समाज सेढवालाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै दोस्रो चरणमा स्थान पक्का गरेको छ।

चितवनको तर्फबाट मध्यान्तरअघि गणेश हमालले एक गोल र मध्यान्तरपछि अनिल रानामगरले एक गोल गरेका थिए। आजको खेलको 'म्यान अफ दी म्याच' चितवनका गणेश हमाल घोषित थिए।

भोलिको खेल लालबन्दी-११, सर्लाही र युनाइटेड सिमरा, बाराबीच हुने आयोजकले जनाएको छ।

## 'ए डिभिजन' राष्ट्रिय फूटसल लिगमा स्पोर्ट्स क्यासल शीर्ष स्थानमा

कास्की, १४ असोज/रासस

पोखरामा जारी 'ए डिभिजन' राष्ट्रिय फूटसल लिगमा घरेलु टोलीले आफ्नो शीर्षस्थान कायमै राखेको छ। अखिल नेपाल फूटबल सङ्घको आयोजनामा यही असोज २ गतेदेखि पोखरा रङ्गशालाभित्रको बहुउद्देश्यीय कभर्ड हलमा जारी प्रतियोगिता अन्तर्गत बुधवारको खेलमा झरना स्पोर्ट्स क्लबलाई ५-१ गोल अन्तरले पराजित गर्दै क्यासल शीर्ष स्थानमा रहन सफल भएको हो।

क्यासललाई जित दिलाउने क्रममा खिमराज गुरुङले दुई तथा विजय गुरुङ, विशोन गुरुङ र किशोर गुरुङले समान एक/एक गोल गरे। लिगका छ खेल खेलेको क्यासलको १६ अङ्क छ। हालसम्म अङ्क जोड्न नसकेको झरना लिग तालिकाको पुछारमा छ।

यसैगरी पहिलो खेलमा शङ्खमूल फूटसल लुम्बिनी फूटसललाई ३-२ गोलले हराउँदै तालिकाको दोस्रो स्थानमा उक्लिएको छ। शङ्खमूलका छ खेलबाट १४ अङ्क छन्। शङ्खमूलको जितमा विवेक पण्डित, कृजल खड्का, सागर तेन्जेले गोल गरे।

लुम्बिनीका रूपेन बराइली र रेफ्री महर्जनले गोल गरे पनि टोलीलाई विजय दिलाउन सकेनन्। लुम्बिनीका छ खेलबाट चार अङ्क रहेका छन्। बुधवारको अन्तिम खेलमा मछिन्द्र स्काइ गोल्स प्रभातफेरी युथ क्लबलाई ४-३ गोलले हराउँदै तालिकाको छैटौं स्थानमा रहन सफल भयो। प्रभातफेरी तालिकाको आठौं स्थान छ। यस्तै ढुकु फूटसल हब सातौं स्थानमा छ भने लुम्बिनी फूटसल नवौं स्थानमा छ। लिगमा देशका सात प्रदेशबाट १० टोलीको सहभागिता छ।

## राष्ट्रिय भलिबल : एपिएफद्वारा पुलिस पराजित

काठमाडौं, १४ असोज/रासस

छैटौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिप अन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली एपिएफ क्लबले अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्ड हलमा आज भएको खेलमा एपिएफले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गर्दै समूह एको विजेतासमेत बन्यो। निकै प्रतिस्पर्धात्मक बनेको खेलमा एपिएफले पुलिसमाथि २५-१४, २१-२५, २५-१८ र २५-१९ को सेटमा जित निकाल्यो। यस जितसँगै एपिएफले दुई खेलमा छ अङ्क जोडेको छ। पुलिस भने समूह उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गर्‍यो। पुलिसले दुई खेलमा तीन अङ्क जोड्यो।

**न्यु डायमन्ड स्पोर्ट्स क्लब विजयी**

त्यस्तै सोही स्थानमा आज भएको अर्को खेलमा न्यु डायमन्ड स्पोर्ट्स क्लबले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। न्यु डायमन्डले आर्मीलाई २७-२५, २५-२२ र २५-२० को सेटमा पराजित गर्‍यो।

यस जितसँगै समूह बीको विजेतासमेत बनेको न्यु डायमन्डले दुई खेलमा छ अङ्क जोड्यो। पहिलो खेलमा न्यु डायमन्डले एभरेष्ट क्लब बुटवललाई हराएको थियो। यस समूहबाट आर्मी उपविजेता बन्दै सेमिफाइनलमा पुगेको छ। आर्मीले दुई खेलमा तीन अङ्क जोड्यो। न्यु डायमन्ड र आर्मीको खेलसँगै महिलातर्फको सेमिफाइनल समीकरणसमेत पूरा भएको छ।

**नेपाल पुलिस क्लब सेमिफाइनलमा प्रवेश**

नेपाल पुलिस क्लब छैटौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनशिप अन्तर्गत पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा बिहीवार भएको दोस्रो क्वाटरफाइनल खेलमा ढोरपाटन स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा हराउँदै पुलिस सेमिफाइलनमा प्रवेश गरेको हो।

राष्ट्रिय खेलाडीको बाहुल्यता रहेको पुलिसले ढोरपाटनमाथि २५-१९,२५-१८ र २५-१९ को सेटमा जीत निकाल्यो। यस जीतसँगै पुलिस सेमिफाइनलमा पुग्ने दोस्रो टीम बनेको छ। यसअघि साबिक विजेता हेल्प नेपाल सेमिफाइनलमा प्रवेश गरिसकेको छ। भारतीय खेलाडीसहित कोर्टमा उत्रिएको हेल्पले नयाँ बजार सामाजिक युवा क्लबलाई २५-२०, २५-१० र २५-१७ मा पराजित गर्‍यो। नेपाल भलिबल सङ्घले आयोजना गरेको च्याम्पियनशिपमा पुरुषतर्फ १४ टोली र महिलातर्फ छ टोलीको सहभागिता छ। जसमा च्याम्पियनशिपबाट पुरुषतर्फ सात र महिलातर्फ पाँच टोली आगामी चैतमा आयोजना हुने क्लब लिगका लागि छनोट हुनेछन्।

## इपिएलमा चितवनको दोस्रो जित

काठमाडौं, १४ असोज/रासस

चितवन टाइगर्सले काठमाडौं किङ्स-११ लाई तीन विकेटले पराजित गर्दै चौथो संस्करणको एभरेस्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेटमा दोस्रो जीत दर्ता गराएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीवार भएको खेलमा काठमाडौंले दिएको १४२ रनको लक्ष्य चितवनले १८ दशमलव ४ ओभरमा ७ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो। पहिलो खेलमा चितवनले विराटनगर वारियर्सलाई हराएको थियो।

चितवनले २ खेलमा ४ अङ्क जोडेको छ। काठमाडौंको २ खेलमा २ अङ्क छ। काठमाडौंले पहिलो खेलमा ललितपुर प्याट्रियट्सलाई हराएको थियो।